गरीबी निवारण कोष
नेपाल
२०६०

जीविका
कोष समाचार
असार २०६७

भित्र

३ कोषमा नयाँ उपाध्यक्ष
४ जिल्ला विशेष: जुम्ला
५ लेख: संरक्षित क्षेत्रमा कोषका गतिविधि
६ सफलताको कथा: डाक्टरको मोटर देख्ने धोको पुरा भयो
८ पीओ/सीओ कुना: गरिबीविरुद्ध लड्ने उत्साह
९ क्षेत्र विशेष: कोष सहायताको ग्रामीण सडक: गरिबी न्यूनीकरणमा योगदान
१० संक्षिप्त: गतिविधि
१२ संक्षेपमा कोष

# पत्नीले दिन थाले पतिलाई रोजगारी

-टेकेन्द्र देउवा

खिरसैन (डोटी): डोटी खिरसैन-९ कडाल गाउँका महिलाहरु आफैँ कमाएर घर खर्च कमाउन सक्षम भएका छन् । गाउँमै कमाई हुने काम सुरु गरेपछि यहाँका महिलाहरूले कमाइका लागि भारततिर गएका आफ्ना पतिलाई फिर्ता बोलाउन थालेका छन् ।

गाँउमै उनीहरुले व्यवसायिक तरकारी खेती गरेर प्रसस्त आम्दानी गर्न थालेका छन् । यस कामले सफलता पाउँदै गएपछि भारतका विभिन्न सहरमा चौकीदारी गर्न गएका गाउँका पुरूष फर्किन थालेका हुन् । व्यवसायिक तरकारी खेतीका कारण यहाँका बासिन्दाको जीवनस्तर फेरिएको छ । यसअघि बाँझै देखिने खेतबारीमा अचेल जताततै तरकारी देख्न सकिन्छ । डुसादेवी ऐर भन्छिन्, 'मेरा पतिले मुम्बईमा चौकीदारी गरेर वर्षभरिमा १०/१५ हजार रूपैयाँ कमाएर ल्याउँथे तर तरकारी लगाउन थालेपछि एकै सिजनमा ४० हजारसम्म कमाउन थालेका छौ ।'

डुसादेवीले गरेको तरकारी खेती देखेर उनका पति टेकबहादुर ऐर पनि दंग छन् । उनी भन्छन्, 'तरिका जाने गाउँमै कमाइ हुने रहेछ । मुम्बईमा नोकर थिएँ, यहाँ त तरकारी बिक्री गर्ने मालिक पो भएको छु ।'

भारतमा १५ वर्षसम्म चौकीदारी गरेका डबल ऐरले पनि एक वर्षयता पत्नीले सुरु गरेको तरकारी खेतीमा सहयोग गरिरहेका छन् । उनले भारतमा चौकीदारी गरेको भन्दा गाउँमै तेब्बर कमाई भएको अनुभव सुनाए । डबलकी पत्नी धौलीले तरकारी खेतीबाट वार्षिक एक लाखभन्दा बढी आम्दानी गर्छिन् । धौलीले भनिन्, 'पतिको १५ वर्षको कमाइले पुर्ख्यौली घरको छाना फेर्न सकिएन तर तरकारी खेतीको कमाइले घरको छाना मात्र फेरिएन, छोराछोरीलाई राम्रो स्कुलमा पढाउन सकेका छौं ।'

कमला ऐर भारत गएका पतिको कमाइले परिवारको आर्थिक अवस्था कहिल्यै सुध्रिन नसकेको बताउदै अहिले तरकारी खेतीबाट मनग्गे आम्दानी भएको सुनाउँछिन् । तरकारी खेती गरेपछि गाउँका २२ जना पुरूष भारत जान रोकिएका छन् । उनीहरु तरकारी बिक्री गर्न सिलगढी, साजघाट र साँफे बगरसम्म पुग्छन् ।

तरकारी खेतीलाई सहयोग गरिरहेको एकीकृत सामाजिक विकास समूहका कार्यक्रम संयोजक लक्ष्मण खड्काले कडाल गाउँका २८ परिवारका महिला यस व्यवसायमा लागेको जानकारी दिए । यी महिलाले गरिबी निवारण कोषले सामुदायिक संस्थामार्फत सुरुमा लगानी गरेको ४ लाख २२ हजार रूपैयाँ पनि तिरिसकेका छन् ।

*(साभार : अन्नपूर्ण पोष्ट, २६ जेठ)*

जीविका
कोष समाचार

गरिबी निवारण कोषको चौमासिक समाचार बुलेटिन
वर्ष ४, अंक १०, असार २०६७

सम्पादन सल्लाहकार
राजबाबु श्रेष्ठ

सम्पादक
श्रीराम सुवेदी

डिजाइनः नलेजपार्क

जीविका गरिबी निवारण कोषद्वारा चौमासिक रूपमा प्रकाशन गरिन्छ । जानकारीपत्रमा समावेश सूचना तथा सामग्रीहरू साभार गर्द वा पुनःप्रकाशन गर्दा गरिबी निवारण कोषको नाम उल्लेख गर्नुहुन पाठकहरूलाई अनुरोध गर्छौं ।

गरिबी निवारण कोष
ज्ञानेश्वर, काठमाडौं
पो.ब.नं. ९९८५, काठमाडौं, नेपाल
फोनः +९७७-१-४४१००४१
फ्याक्सः +९९-१-४४४२४५०
इमेलः info@pafnepal.org.np

गरिबी निवारण कोषसम्बन्धी वृहत् जानकारी र सूचनाका लागि कृपया हाम्रो वेबसाइट हेर्नुहोस्ः www.pafnepal.org.np

# सहयोगी संस्थाहरुको मूल्यांकनः
## नयाँ अवधारणा

-कृष्णबाबु जोशी

गरिबी निवारण कोष नेपालले गरिबी न्यूनीकरणको उद्देश्य प्राप्तिका लागि कार्यक्रम सञ्चालन भएका ४० जिल्लाका ४०० सहयोगी संस्थासँग सहकार्य गरिरहेको छ । र, ती संस्थाहरूले १२,००० सामुदायिक संस्थालाई सेवा दिइरहेका छन् । खासगरी, ती संस्थाहरूसँग सुरुमा एक वर्षका लागि साझेदारी सम्झौता गरिन्छ र तिनको कार्यसम्पादनअनुसार नवीकरण पनि गर्ने व्यवस्था गरिएको छ । केन्द्रबाट दैनिक सहयोगी संस्थाको अनुगमन गर्न नसकिने भएकाले कोषले कार्यसम्पादनमा आधारित मूल्याकंन प्रणालीको विकास गरेको छ ।

मूल्यांकनका उद्देश्य निम्नानुसार छनः क) कोषको अनुगमन तथा मूल्यांकन पद्दतिलाई प्रभावकारी बनाउने, ख) विस्तारका लागि सहयोगी संस्थाहरूको क्षमता अन्तरपहिचान गर्ने, ग) अनुगमन तथा मूल्यांकन प्रणालीतर्फ सामुदायिक संस्थाको क्षमता अभिवृद्धि गर्ने र घ) सेवाग्राहीमा आधारित कार्यसम्पादन मूल्यांकनलाई प्रोत्साहित गर्ने ।

नयाँ पद्धतिले सहयोगी संस्थाहरूलाई नीति नियम पालन गर्न, सेवा प्रवाहमा सुधार ल्याउन, जवाफदेहीता बढाउन, पारदर्शीता तथा सुशासनमा सुधार ल्याउन दबाब दिन्छ । यसले सहयोगी संस्थालाई संस्थागत कार्यसम्पादनमा सुधार ल्याउन, कार्यशैलीमा परिवर्तन गर्न, सामुदायिक संस्था तथा समुदायका गरीबप्रति बढी जिम्मेवारी बन्न र कार्यगत तथा प्रक्रियागत सुधार ल्याउन प्रोत्साहित गर्छ । सहयोगी संस्थाको कार्यसम्पादन निर्धारित सूचकहरूबाट पहिचान गरिन्छ ।

संस्थागत क्षमता, वित्त व्यवस्थापन, समन्वय तथा स्रोत परिचालन, पारदर्शीता तथा सञ्चार, आयोजना कार्यान्वयन तथा सेवा प्रवाह, सामाजिक परिचालन तथा सामुदायिक संस्थाको गठन, अनुगमन तथा प्रतिवेदनजस्ता सात विषयमा कार्यसम्पादन पहिचान केन्द्रित हुन्छ । तिनिहरूको मूल्यांकनका लागि जम्मा ५२ सूचकहरु तय गरिएका छन् । ती सूचकहरु कोषको नीतिनियम, कोषले बनाएका विभिन्न मार्गनिर्देशन तथा निर्देशिकाहरु, सहयोगी संस्था तथा कोषबीच भएका सम्झौताहरु, कार्यक्रम मूल्यांकन प्रतिवेदन र पहिले तयार गरिएको सहयोगी संस्थाको स्वयंमूल्यांकन फाराम लगायतका स्रोतहरूबाट संकलन गरिएका हुन् ।

पहिलो स्वतन्त्र परामर्शदाता वा कोषका कर्मचारीबाट मापन हुने र दोस्रो, सहयोगी संस्थाको सेवाग्राहीका रूपमा रहेको सामुदायिक संस्थाका सदस्यहरूबाट गर्ने गरी ती सूचकहरूलाई सरसर्ती दुई भागमा विभाजन गरिएको छ । स्वतन्त्र परामर्शदाता वा कोषका कर्मचारीबाट मापन हुने सूचकलाई ७० प्रतिशत र सामुदायिक संस्थाका सदस्यहरूबाट मापन हुने सूचकलाई ३० प्रतिशत अंकभार दिइएको छ । यसले पहिलो चोटि कोषको लक्षित समुदायलाई तिनका सेवाप्रदायकको प्रत्यक्ष मूल्यांकन गर्न सक्ने बनाएको छ ।

नयाँ पद्दति कार्यान्वयनमा आएपछि हालसम्म २५ जिल्लाका २०५ सहयोगी संस्थाको मूल्यांकन भएको छ । मूल्यांकन गरिएका सहयोगी संस्थाहरूको कोषसँग एक वर्ष वा त्यो भन्दा बढीको कार्यसम्बन्ध रहेको छ । मूल्यांकनका लागि कोषले २५ जिल्लामा दुई जनाको दरले ५० जना मूल्यांकनकर्ताहरूलाई लगाएको थियो । त्यसैगरी मूल्यांकनमा एक सामुदायिक संस्थाका दुई सदस्य पर्ने गरी पाँच सामुदायिक संस्थालाई तिनीहरूको सहयोगी संस्थालाई मूल्यांकन गर्न लगाइएको थियो । मूल्यांकन प्रक्रिया २०१० अगस्टको तेस्रो सातामा सम्पन्न भएको थियो ।

वार्षिक रुपमा विज्ञ तथा लक्षित वर्गबाटै सहयोगी संस्थाको मूल्यांकन हुने नयाँ पद्धतिको कोषको व्यवस्थापन, विज्ञ, सहयोगी संस्था तथा सामुदायिक संस्थाले प्रसंशा गरेका छन् । तथापि केही सूचकहरूको अभावमा यो मूल्यांकन पद्धति पूर्ण हुन सकेको छैन । स्थलगत परीक्षण नगरी यो प्रयोगमा ल्याइएको हो । यसैले यो पद्दतिमाथि कोषले थप गृहकार्य गरी विद्यमान कमजोरी हटाएर पूर्णताका साथ काम गर्नसक्ने बनाउनुपर्छ ।

# कोषमा नयाँ उपाध्यक्ष

सरकारले १९ मार्च २०१० मा विद्याधर मल्लिकलाई गरिबी निवारण कोषको उपाध्यक्ष पदमा नियुक्त गरेको छ । प्रधानमन्त्री तथा कोषका अध्यक्ष माधवकुमार नेपालले मल्लिकलाई पद तथा गोपनियताको शपथ खुवाउनुभयो ।

पदभार ग्रहणका क्रममा कोषका गतिविधिको प्रशंसा गर्दै मल्लिकले यसलाई अझ उँचाइमा पुऱ्याउने र यसको म्यान्डेट अनुसारको काम गर्न आफु प्रतिबद्ध रहेको बताउनुभयो । 'अवकाश प्राप्त प्रशासकका हिसाबले अति गरीबका हितमा काम गर्न पाउनुलाई मैले अवसरका रूपमा लिएको छु,' उहाँले भन्नुभयो ।



यसअघि मल्लिक राष्ट्रपति डा. रामवरण यादवको आर्थिक मामिला, विकास तथा प्रशासन सल्लाहकार हुनुहुन्थ्यो । मल्लिकले नेपाल सरकार अर्थ मन्त्रालय, शिक्षा तथा खेलकुद र शान्ति सचिवालयमा सचिवसहित विभिन्न तहमा रहेर काम गरिसक्नु भएको छ ।

सुधारवादी सोचका प्रशासक मल्लिकले तीन विषयमा स्नातकोत्तर उपाधि हासिल गर्नुभएको छ । उहाँले वेस्टमिनिस्टर युनिभर्सिटि लन्डनबाट जनशक्ति अध्ययन, त्रिभुवन विश्वविद्यालयबाट अर्थशास्त्र तथा जनप्रशासनमा स्नातकोत्तर गर्नुभएको हो । उहाँको नाममा 'नेपालमा आधुनिक कर प्रणाली' पुस्तक तथा विभिन्न पत्रपत्रिका एवं जर्नलमा लेखरचना प्रकाशित छन् ।

उहाँ हाल जनप्रशासन संघको अध्यक्ष पनि हुनुहुन्छ ।

# प्रधानमन्त्रीद्वारा कोषको प्रशंसा

प्रधानमन्त्री माधवकुमार नेपालले राज्यद्वारा सञ्चालित गरिबी लक्षित कार्यक्रमहरू चुहावट तथा अनियमितताका कारण असफल भइरहेको सन्दर्भमा गरिबी निवारण कोषको प्रत्यक्ष रकम हस्तान्तरण गर्ने प्रक्रिया र त्यसबाट गरीब समुदायमा परेको सकारात्मक प्रभावको प्रशंसा गर्नुभयो ।

जनवरी २५ मा भएको उच्चस्तरीय संयोजन तथा साझेदारी कार्यशालामा प्रधानमन्त्री नेपालले राज्य सञ्चालित गरिबी निवारणका सबै कार्यक्रमलाई एकीकृत गर्नु पर्नेमा जोड दिनुभयो । यसबाट ती कार्यक्रममा हुने चुहावट रोक्न, प्रभावकारी अनुगमन गर्न र राम्रो नतिजा हासिल गर्न सजिलो हुने उहाँको भनाइ थियो ।

'यसै कारण सरकारले लक्षित कार्यक्रमका लागि फरक ढाँचा बनाउने प्रयास गरेको छ, जसबाट कार्यक्रममा दोहोरोपन आउन नपाओस्, स्रोतको दुरूपयोग नहोस र अनुगमनमा कठिनाइ नआओस्,' उहाँले भन्नुभयो । उहाँले गरिबीलाई पुर्नपरिभाषित गर्न र गरीब लक्षित संयन्त्र पहिचान गर्न राष्ट्रिय योजना आयोगलाई निर्देशन पनि दिनुभयो ।'

अर्कोतिर कोषको गतिविधि सञ्चालित क्षेत्रका गरीब बस्तीमा प्रतिव्यक्ति आम्दानी र उपभोगमा भएको क्रमशः ४३ र ९ प्रतिशतको वृद्धिलाई संकेत गर्दै प्रधानमन्त्रीले कोषलाई गरिबीविरूद्ध लड्ने नेपालको राष्ट्रिय संयन्त्रको संज्ञा दिनुभयो ।

'हामी कोषको पहुँच ७५ जिल्लामा पुऱ्याउने बारेमा सोचिरहेका छौं,' उहाँले भन्नुभयो । यसका लागि उहाँले कोष, मन्त्रालयहरू, स्थानीय निकाय र अन्य सरकारी संस्थाहरूलाई निकटमा रहेर कार्य गर्न निर्देशन दिनुभयो ।

यसैगरी राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. युवराज खतिवडाले स्थानीय निकायलाई पशुपालन कार्यक्रमलाई विस्तार गर्न र जिल्ला प्राविधिक कार्यालयलाई कोषको प्रयासमा सहकार्य गरी गरीबसम्म प्राविधिक ज्ञान पुऱ्याउन सुझाव दिनुभयो । उहाँले जिविसहरूलाई कोषले विनियोजन गर्ने बजेटका बारेमा जानकारी दिए कार्यक्रममा आउने दोहोरोपना हटाउन सकिने विचार व्यक्त गर्नुभयो ।

कोष सञ्चालक समितिका सदस्य श्रीकृष्ण उपाध्यायले कोषको अध्ययनलाई उद्धृत गर्दै स्थानीय पूर्वाधार निर्माणमा गरिब समुदायको संलग्नता लागत प्रभावी हुने बताउनुभयो ।

'हाम्रो तथ्यांकअनुसार समुदायले एक किलो मिटर ग्राभेल सडक ९ लाख ३१ हजार ७ सय ५८ रूपैयाँमा बनाएको छ भने स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभागले यहि कामका लागि १७ लाख रूपैयाँ खर्च गरेको छ,' उहाँले भन्नुभयो ।

कोषका कार्यकारी निर्देशक राजबाबु श्रेष्ठले स्थानीय निकाय तथा गैर सरकारी संस्था तथा वैकल्पिक ऊर्जा प्रबर्द्धन केन्द्र, सिंचाई विभाग, पशुसेवा विभाग, कृषि विभाग एवं नेपाल विद्युत प्राधिकरणजस्ता सरकारी निकायसँग भइरहेको सहकार्य तथा समन्वयका बारेमा प्रकाश पार्नुभयो ।



जिल्ला विशेष

# जुम्ला

-लोकेन्द्र सिंह वडाल, कोष



हिमालयको काखमा रहेको जुम्ला समुद्र सतहबाट २१०० देखि ६३३४ मिटरसम्म २५.३१ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको छ । इतिहासमा यो जिल्ला भाषा, संस्कृति र महत्वपूर्ण व्यापारिक केन्द्रका रूपमा चिनिएको छ । तर पछिल्लो समयमा गरिबी, अभाव, अस्वस्थकर जीवनयापन, विभिन्न रोग संक्रमण यो जिल्लाको चिनारी भएको छ ।

जनगणना २०५८ अनुसार जुम्लामा क्षेत्रीको बाहुल्य भए पनि ८९,४७८ परिवार मध्ये १५,९१० दलितहरूको घरधुरी संख्या रहेको छ । जिल्लामा धान, कोदो, जौ बालीदेखि काउली, मुला गाजर तरकारी लगाइनुका साथै विभिन्न जडिबुटी पाइन्छन् ।

जुम्लालाई सडकले छोएको छ र नजिकको क्षेत्रीय केन्द्र नेपालगन्ज हो । क्षेत्रीय तहमा रहेको नीति निर्माण तहसम्म आइपुग्न र अन्तर्क्रिया गर्न भौगोलिक तथा आर्थिक रूपमा कठिन छ । जिल्लाबाट ठूलो संख्यामा मानिसहरु भारततर्फ व्यापार तथा कामका लागि जाने गर्छन् भने केही जाडो महिना आयातित तथा स्थानीय गलैंचा बेच्न सहर तर्फ झर्ने गर्छन् । २०४८ को तथ्यांकअनुसार जिल्लाका ४ प्रतिशत महिला मात्र साक्षर थिए ।

कोषले २०६३ देखि जुम्लामा कार्यक्रम सञ्चालन गरेको हो । सुरुमा ५ गाविसमा कार्यक्रम सञ्चालन गरिएको भए पनि तीन वर्षभित्रै जिल्लाका सम्पूर्ण ३० गाविसमा कोषका कार्यक्रम पुन्याइएको छ । सात गैर-सरकारी संस्थाले सामाजिक परिचालन, सामुदायिक संस्थाको गठन, क्षमता विकास तालिम, आय आर्जन तथा सामुदायिक पूर्वाधार सह-आयोजना निर्माण, प्राविधिक सहायता तथा अनुगमनमा सहयोग गरिरहेका छन् ।

वैशाख अन्तसम्म गरीब, विपन्न र बहिष्कृत यहाँका बासिन्दा ४८० सामुदायिक संस्थामा आवद्ध भएका छन् । यस अवधिमा कोषले १७,००० आयआर्जन र २,५७६ सामुदायिक पूर्वाधार सह-आयोजना कार्यान्वयनमा ल्याएको छ । यसबाट १६,८६९ परिवार (१,०६,००० व्यक्ति) स्रोतसम्मको पहुँच र दीगो आम्दानी प्राप्त गर्न सक्षम भएका छन् ।

ती सह-आयोजनाका लागि कोषले ३६ करोड ३६ लाख रूपैयाँ बराबरको सहयोग सम्झौता सामुदायिक संस्थाहरूसँग गरेको छ । यसमध्ये २५ करोड ४१ लाख रूपैयाँ निकासा भइसकेको छ । कुल लगानीमध्ये ८७ प्रतिशत रकम आय आर्जनका गतिविधिमा, ७ प्रतिशत सामुदायिक पूर्वाधारमा र २ प्रतिशत क्षमता विकासमा गएको छ । जिल्लामा कार्यान्वयन भएकामध्ये कृषि फर्म, पशुपालन र गैर कृषि व्यावसायिक गतिविधिले आय आर्जन सह-आयोजनाको मुख्य हिस्सा ओगटेका छन् भने लघु जलविद्युत, सौर्य ऊर्जा, सुधारिएको चुल्हो र खानेपानी तथा सरसफाइ मुख्य सामुदायिक पूर्वाधार सह आयोजनाका महत्वपूर्ण हिस्सा हुन ।

लाभान्वित १६,८६९ परिवारमध्ये ६६ प्रतिशत अत्यन्तै गरीब (तीन महिनाका लागि आवश्यक खाद्यन्न जुटाउन नसक्ने), २७ प्रतिशत मध्यम गरीब (६ महिनाका लागि आवश्यक खाद्यन्न जुटाउन नसक्ने) र ७ प्रतिशत गरीब (एक वर्षका लागि आवश्यक खाद्यन्न जुटाउन नसक्ने) छन् । यसैगरी लाभान्वितमध्ये १८.९१ प्रतिशत दलित, २ प्रतिशत जनजाति र ७९ प्रतिशत निरपेक्ष गरीब तथा विपन्न समुदायका छन् । कोषको कार्यक्रमले महिला सशक्तीकरणमा उल्लेख्य योगदान गरेको छ । लाभान्वितमध्ये ८५ प्रतिशत महिला छन् । १,४४० सामुदायिक संस्थाहरूको १,२७० (८८ प्रतिशत) महत्वपूर्ण पदमा महिला छन् । यसरी कोषले महिला तथा दलितलाइ सामाजिक परिवर्तनको नेतृत्वका लागि सक्षम बनाएको छ ।

कोषले स्थानीय निकाय, सरकारी संस्था तथा कार्यालय, विभिन्न स्थानीय तथा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय गैर-सरकारी संस्थासँगको सहकार्य र समन्वयमा कार्यक्रम कार्यान्वयन गरिरहेको छ ।

सामुदायिक संस्थालाई प्रत्यक्ष रकम हस्तान्तरण गर्ने कोषको तरिकाले पहिलो पटक स्थानीयबासीको सहुलियत कर्जामा पहुँच पुगेको छ । उनीहरूले अब आय आर्जनका कार्यक्रम सञ्चालन गर्न चर्को ब्याज दरको ऋण लिनु पर्दैन । कोषका कार्यक्रमले खाद्यान्न, तरकारी तथा पशुपंक्षीको उत्पादन बढेकाले उनीहरु पोषणयुक्त खाद्य उपभोग गर्न सक्षम भएका छन् र स्वस्थ छन् ।

साक्षरता तथा अन्य क्षमता अभिवृद्धि कार्यक्रमले उनीहरु पढ्न लेख्न र सामुदायिक हितका सम्बन्धमा विभिन्न सरोकारवालाहरूसँग अन्तर्क्रिया गर्न सक्ने भएका छन् । बढ्दो आम्दानीले स्थानीयबासीलाई व्यावसायिक खेती गर्न प्रोत्साहित गरेको छ । केही ठाउँमा उनीहरूले उच्च मूल्यका बीऊ उत्पादन पनि सुरु गरेका छन् । सामुदायिक पूर्वाधारले उनीहरूको जीवनयापनलाई सहज बनाउनुका साथै आधुनिक प्रविधि उपयोग गर्न र उत्पादन क्षमता बढाउन सहयोग गरेको छ । यसले उनीहरूलाई बजारसँग निकट बनाउनुका साथै आन्तरिक रूपमै अवसर सिर्जना गर्न सक्षम बनाएको छ । जहाँ दशकौंदेखि यी कुराको अभाव अनुभव गरिदै आएको थियो ।

लेख

# संरक्षित क्षेत्रमा कोषका गतिविधि

-अभिषेश न्यौपाने, कोष

## परिचय

कार्यक्रम संचालनबाट वन्यजन्तु तथा तिनको वासस्थानमा हानी नपुगोस् भनी कोषको पहिलो चरणको कार्यक्रम राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्षण क्षेत्रभित्र संचालन गरिएको थिएन । तर संरक्षित क्षेत्र तथा आसपासमा समेत खाद्यान्न, लत्ताकपडा, आवास, खानेपानी, स्वास्थ्य एवं शिक्षा जस्ता आधारभूत आवश्यकताबाट वञ्चित अति विपन्न समुदाय रहेका हुनाले संरक्षित क्षेत्रका बासिन्दाको दीगो विकासलाई निकुञ्ज व्यवस्थापन नीतिसँग जोड्न सकेमात्र संरक्षण अभियान सार्थक हुने तथ्यलाई अस्वीकार गर्न सकिन्न । त्यसैले, यो तथ्यलाई मनन गरी कोषले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागसँग समन्वय गरी संरक्षित क्षेत्र र आसपासमा गरिबी न्यूनीकरण कार्यक्रम सञ्चालन गर्ने परिकल्पना गरेको छ । संरक्षित क्षेत्रमा कोषका कार्यक्रम कार्यान्वयन र समन्वयका लागि विभागसँग २ मे २००८ मा एक समझदारीपत्रमा हस्ताक्षर भएको छ । यो समझदारीपत्रले मध्यवर्ती तथा संरक्षित क्षेत्र व्यवस्थापन कार्यक्रमको संस्थागत संरचनाभित्र रही कोषलाई आफ्ना गतिविधि अघि बढाउन सक्षम बनाएको छ ।

समझदारी पत्रले मध्यवर्ती क्षेत्रमा कोषका प्रत्येक गतिविधि कार्यान्वयनका लागि विभागको अनुमति लिनु नपर्ने तथा संरक्षित क्षेत्र व्यवस्थापन योजनामा पहिल्यै स्वीकृत गतिविधिमा समावेश भएका कोषका गतिविधिका लागि अलग्गै वातावरणीय परिक्षण गर्नु नपर्ने गरी प्रशासनिक प्रक्रियालाई सरल बनाएको छ ।

## संरक्षित क्षेत्रमा कोषका गतिविधि सञ्चालन प्रक्रिया

समझदारीपत्रअनुसार कोषका सामुदायिक संस्था संरक्षित क्षेत्रको उपभोक्ता समितिको उप-समिति (वा कार्यसमूह) का रूपमा गठन हुनुपर्छ । उपभोक्ता समितिको उप-समिति (वा कार्यसमूह) का रूपमा गठित सामुदायिक संस्थाले कोष सम्बद्ध गतिविधि र संरक्षित क्षेत्र सम्बद्ध नियमकानुनबीच सन्तुलन कायम गर्दै संरक्षित क्षेत्र व्यवस्थापन योजनासँग तालमेल मिलाउने काम गर्छ । यसले उपभोक्ता समितिमा रहेको वित्तीय स्रोतमा सामुदायिक संस्थाको पहुँच पनि सुनिश्चित गर्छ । सामुदायिक संस्थालाई उपभोक्ता समितिले नियमित रूपमा अनुगमन गर्ने भएकाले सामुदायिक संस्था वातावरणीय ह्रास आउने गतिविधिमा संलग्न नहुने पनि यसले सुनिश्चित गर्छ ।

## संरक्षित क्षेत्रमा कोषका चालु गतिविधि

लाङटाङ राष्ट्रिय निकुञ्ज (८ गाविस), रारा राष्ट्रिय निकुञ्ज (८ गाविस), सेफोक्सुन्डो राष्ट्रिय निकुञ्ज (९ गाविस), खप्तड राष्ट्रिय निकुञ्ज (१६ गाविस), चितवन राष्ट्रिय निकुञ्ज (५ गाविस), पर्सा वन्यजन्तु आरक्षण (३ गाविस), गौरीशंकर संरक्षण क्षेत्र (२ गाविस) र अपि नाम्पा संरक्षण क्षेत्र (२० गाविस) गरी अप्रिल २०१० सम्ममा कोषले देशका ८ संरक्षित क्षेत्रमा आफ्ना गतिविधि सञ्चालन गरेको छ । ती क्षेत्रका गाविसमा झण्डै एक हजार सामुदायिक संस्था छन् र तिनमा ९५२ आयआर्जन तथा २५२ पूर्वाधार उप-परियोजना सञ्चालित छन् । हालसम्म, कोषले आयआर्जन उप-परियोजनाहरुमा ३६,२१,०५,००० रूपैयाँ र पूर्वाधार उप-परियोजनाहरुमा १३,३०,८१,००० रूपैयाँ लगानी गरिसकेको छ । कुल लगानीमध्ये पशुपालनमा ५६%, सामुदायिक पूर्वाधारमा २७%, व्यापारमा ८%, कृषि र यस सम्बद्ध कार्यमा ५%, सेवा क्षेत्रमा ३%, उत्पादन र अन्यमा १% लगाइएको छ । कोषले सामुदायिक पूर्वाधारमा गरेको लगानीमध्ये खानेपानी आपूर्तीमा ३३%, सिचाईंमा २७%, भवनमा १५%, लघु जलविद्युतमा ११%, सौर्य प्रणालीमा ३%, सडकमा ३% र अन्यमा ८%, गएको छ ।

उल्लेखित सबै उप-परियोजनाका गतिविधि सम्बद्ध संरक्षित क्षेत्रको व्यवस्थापन योजनामा समावेश गरिएका छन् । हालसम्म कोषका कार्यक्रम कार्यान्वयनमा कुनै पनि गम्भीर किसिमका वातावरणसम्बद्ध मुद्दाहरु आएका छैनन् । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग र निकुञ्ज तथा मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिका अधिकारीसँग काठमाडौं र सम्बद्ध जिल्लाहरुमा कोषका गतिविधि सञ्चालनमा समन्वयका लागि विभिन्न औपचारिक तथा अनौपचारिक छलफल भएका छन् । मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिका अधिकारीहरुले सामुदायिक संस्था गठन तथा सामाजिक परिक्षण प्रक्रियामा उपस्थित भई सुझाव पनि दिने गरेका छन् ।

ती सुझावहरुले कोषका कार्यक्रमहरुलाई बढी संरक्षणमैत्री बनाउन सहयोग पुर्‍याएका छन् । प्रकृति संरक्षण सम्बद्ध सरोकारवालाहरु (संरक्षण क्षेत्रका अधिकारी, संरक्षण क्षेत्र तथा मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिका अधिकारी तथा उपभोक्ता समितिका सदस्य) को अर्थपूर्ण सहभागिताले कोषका गतिविधि संरक्षण प्रयासमा बाधक छैनन् भन्ने सुनिश्चित गर्छ । बरू, यसले संरक्षित क्षेत्रमाथिको निर्भरतालाई कम गरेर संरक्षणलाई प्रवर्द्धन गरेको छ । तलको तस्वीरले यस्तै एउटा उदाहरण प्रस्तुत गर्दछ ।



*तस्वीरः चितवन राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा कोषको सहयोगमा बोटे समुदायद्वारा सञ्चालन गरिएको सामुदायिक तरकारी खेती । यस समुदायको पारम्परिक पेशा निकुञ्जभित्रबाट बहने राप्ती नदी मा माछा मार्नु रहेकोमा यो समुदायले तरकारी खेती अँगालेपछि यसले नदीमा रहेको तिनीहरुको निर्भरता घटाई यस क्षेत्रको जैविक विविधता संरक्षणमा सहयोग पुर्‍याएको छ ।*

सफलताको कथा

# डाम्रीबासीको मोटर देख्ने धोको पुरा भयो

-देवेन्द्र वर्मा, प्युठान

एक्काइसौं शताब्दीमा पनि कसैले मोटर देखेको छैन भन्दा अचम्म लाग्न सक्छ तर डाम्री गाविस वडा नम्बर १ कि दुर्गा रोका २ घण्टा पैदल हिंडेर बस हेर्नैका लागि बाटो उद्घाटनमा आइपुगिन् ।

गोठमा बाँधिएका गाई/भैंसीलाई दिनभर पुग्ने घाँस हालेर आएको उनले बताइन् । रोका गरिबी निवारण कोषको सहयोगमा निर्मित वाहाने-डाम्री ११ किलो मिटर कृषि सडक उद्घाटन कार्यक्रममा आएकी हुन् । उद्घाटनमा ४० वर्षिया रोकाको साथमा अरू ८ महिला थिए । कार्यक्रमा अरू सहभागी भाषण सुन्न, नाचगान गर्न व्यस्त थिए तर उनीहरु उद्घाटनका लागि पुगेका आधा दर्जन जिपलाई मुसार्दै थिए । 'यसैमा जान पाए त कति मज्जा आउँदो होला'- रोका भन्दै थिइन ।

जीवनमा कहिल्यै मोटर देख्न पाइदैन होला भन्ने लागि रहेको थियो उनलाई । आकाशमा उड्ने हेलिकप्टर देखेको भए पनि मोटर भने कहिल्यै नदेखेको उनले बताइन् । मोटर हेर्न आउन पनि निकै दुःख गर्नुपरेको थियो उनले । उनी भन्छिन्- 'बिहान भालेको डाको सँगै ५ भारी घाँस काटेर मोटर हेर्न आएँ ।' अरूले भनेको मात्र सुनेकी रोकाको एक पटक मोटरमा चढेर घुम्ने इच्छा छ । डाम्री जिल्ला सदरमुकाम खलंगाबाट झण्डै २ दिन र वाहाने बजारबाट ३ घण्टा पैदल दुरीमा पर्छ ।

बाटो उद्घाटनमा सबैजसो स्थानीयबासी आएका थिए । प्रत्येक वडा तथा विद्यालयले झाँकी ल्याएका थिए । डाम्रीका पूर्व गाविस अध्यक्ष डिलबहादुर थापाले बाटो आएको खुशीमा ३ दिनसम्म गाउँमा मेला लगाइने बताए । 'हामी गरिबी निवारण कोषले गरेको उपकारका लागि धन्यवाद व्यक्त गर्न मेला आयोजना गर्दैछौं,' उनले भने । बाटो उद्घाटन समारोहमा कोषको सहयोगमा उत्पादित वस्तुहरूसमेत प्रदर्शन गरिएको थियो ।



एक करोड ७ लाख ४९ हजार ९ सय ६७ रूपैयामा निर्मित उक्त कृषि सडकको प्रति किलोमिटर लागत झण्डै १२ लाख परेको कोषको सहयोगी संस्था पुनर्जागरण समाज नेपालका कार्यक्रम संयोजक हिक्मत थापाले बताए । उनका अनुसार कोषको ३४ लाख ४७ हजार ६ सय रूपैयाँमा जिल्ला विकास समिति, लिघा तथा डाम्री गाउँ विकास समितिद्वारा म्याचिङ फन्ड र २२ लाखभन्दा बढीको श्रमदान गरेर बाटो डाम्रीको वडा नम्बर ५ भेण्डा बस्तीसम्म पुऱ्याइएको छ । बाटोको उद्घाटन सभासद् दीपकबहादुर केसीले गरेका थिए । केसीले बाटोलाई अझ अगाडि बढाउन सांसद विकास कोषबाट समेत केही रकम सहयोग गर्ने प्रतिवद्धता व्यक्त गरे ।

बाटो नजाँदा अहिले वाहाने बजारबाट प्रति केजी ५ रूपैयाँ भाडा तिरेर सामग्रीहरु ढुवानी गर्नुपर्ने बाध्यता रहेको स्थानीय व्यापारी धने थापाले बताए । उनका अनुसार यातायात सञ्चालनमा आएपछि गाउँमा खाद्यान्नको मूल्य घट्नुका साथै गाउँमा उत्पादन हुने वस्तुले पनि बजार पाउने छ ।

कृषि सडक निर्माण पश्चात् गाउँमा उत्पादन हुने गहुँ, मकै, कोदो, आलु, तरकारी, तथा विभिन्न जडिबुटीका लागि बजारको पहुँच सहज हुने छ । प्युठानका ४९ वटै गाविसमा कोषमार्फत समूह परिचालन गरी आय आर्जन, भौतिक पूर्वाधार, सीप विकास तथा क्षमता विकासका कार्यक्रम सञ्चालन भएको तथा हालसम्म ४० करोड भन्दा बढीको विभिन्न क्रियाकलापहरु सञ्चालन भइरहेको छ ।

# अपाङ्गको कमाइ साङ्गको भन्दा दश गुना बढी



-उमीद बागचन्द, डडेल्धुरा

केही गर्ने चाहना र आँट भए जस्तोसुकै कठिनाइलाई पनि जित्न सकिन्छ भन्ने कुरा डडेल्धुरा जिल्लाका एक जना दुवै खुट्टा नभएका ६६ वर्षीय अपाङ्ग डम्बर कामीले देखाएका छन् ।

क्यान्सरका कारण ५३ वर्षको उमेरमा खुट्टा काटेर अपाङ्ग भएका डम्बर कामी पहाडी गाविस सकायलमा आफैले बनाएको गाडा चलाएर गाउँका साङ्ग भन्दा दसौं गुना बढी कमाउन सफल भएका छन् ।

सानासाना ३ छोरा र २ छोरीका पिता कामीले क्यान्सरका कारण दुवै खुट्टा काट्नु पर्दा भएको सम्पत्ति पनि उपचारमा गुमाउनु पर्‍यो ।

आफुसँग केही नहुँदा पनि आँटिलो मन भएका कारण काठको गाडा बनाई ऋणमा लिएको एक हल राँगाबाट गाडा हाँकेर दैनिक ३ हजार कमाउन डम्बर कामी सफल भएका छन् । उनले गाडामा माटो, ढुंगा र काठ बोकेर एक जनालाई रोजगारी दिएका छन् भने श्रीमती र १२ वर्षीय छोरोले डम्बरलाई सघाइ रहेका छन् । दुई छोरी र दुई छोरा स्कुल पढी रहेका छन् ।

२०५३ सालमा क्यान्सर भएकोले एउटा खुट्टा काटिएको थियो भने ६ वर्षपछि अर्को खुट्टा काट्नु परेपछि ७ जनाको उनको परिवारको संकटपूर्ण जीवन यात्रा सुरु भएको थियो । जीवनदेखि हार खाइ सकेका डम्बर कामीले उपचारका क्रममा पोखरा गएका बेला आफू भन्दा पनि दयनीय अवस्थाका अरूलाई देखेपछि मन दरिलो पार्दै परिश्रमका साथ काम गर्ने अठोट गरे । 'त्यसैले होला कसैसँग मागेर खानु परेन,' उनले भने ।

अपाङ्ग भएकाले हुनसक्छ गाउँलेबाट माया, काम र अरूले भन्दा बढी पैसा पाउने गरेको उनको भनाइ छ । उनको मेहनत र आँट देखेर छिमेकीहरु पनि आश्चर्यचकित छन् । उनको सफलताका सहयात्री बनेका श्रीमति नारू कामी र १२ वर्षीय छोरा पनि खुशी छन् । खासगरी अप्ठेरो परेको बेलामा गरिबी निवारण कोषको सहयोगले सहज भएको नारू कामीको भनाइ छ ।

उनको यो उद्यम रोजगारीका लागि भौतारिने र लाखौं खर्च गरेर विदेश जानेहरूका लागि उदाहरणीय बनेको छ । उनी अहिले आफूजस्ता अरूलाई पनि मन सानो गर्नुहुँदैन आँट गरे जस्तोसुकै कठिन समस्यासँग पनि लड्न सकिन्छ भन्ने गर्छन् । 'गरिबी निवारण कोषले दिएको थोरै रकमले धेरै सहयोग गरेको छ अझ बढाइ दिएमा साँच्चै प्रगति गर्न सक्ने थिए,' उनले भने । डडेल्धुरा जिल्लाको मष्टमाण्डौ गाविसको सकायल गाउँका डम्बर कामीको मेहनत र आँट अन्य क्षेत्रका अपाङ्गले मात्र होइन साङ्गले पनि अनुसरण गर्नुपर्ने खालको भएको स्थानीयबासी बताउँछन् ।

*स्रोतः बीबीसी नेपाली सेवा*

# बङ्गुरपालन
## व्यवसायबाट जीविकामा आमुल परिवर्तन

दुई वर्षअघि साहुकै बङ्गुर काटेर बेच्दा र चराँउदा सिराहाको गाढा गाविसअन्तर्गत डुम बस्तीकी दरवती मल्लिकका श्रीमान् मस्तिष्क आघातबाट बिरामी भए । त्यसपछि दरवती आफैले त्यो पेसा अँगाल्दै श्रीमान्को ज्यान मात्र जोगाउनु भएन बङ्गुरपालन व्यवसायबाटै छोराछोरीको पठनपाठन र घरघडेरीसमेत जोड्न सफल हुनुभएको छ ।

गरिबी निवारण कोषअन्तर्गत सरस्वती ज्योति सामुदायिक संस्थामार्फत लिएको ऋणबाटै दरबतीले बङ्गुरपालन व्यवसाय सुरू गर्नुभएको हो । सुरुमा १३ हजार चार सय ऋण लिएर ११ वटा बङ्गुरका बच्चाबाट दरवतीले आफ्नो व्यवसाय सुरू गर्नुभएको थियो ।

'श्रीमान् बिरामी भएपछि श्रीमान्को स्वास्थ्य, बालबच्चाको हेरचाह र घरव्यवहारले मलाई चिन्तित बनाएको थियो,' उहाँले भन्नुभयो- 'तर त्यहीबेला विपन्न परिवारलाई ऋण लगानी गर्दा पाएको अवसरलाई सदुपयोग गरेपछि अहिले मेरो सबै चिन्ता हराएको छ ।'

दरवतीले बङ्गुरपालन व्यवसाय सुरु गरेको छ महिनादेखि भाले र पोथी एक जोडा बङ्गुरबाहेक लाहान र ठाडीको हाटमा देवरको साथ लिई मासुको व्यापार गर्न थाल्नुभयो । व्यवसायलाई बढाउँदै उहाँले त्यसबाट पाएको आम्दानीबाट श्रीमान्लाई भारतको सिलीगुढीमा नियमित उपचार गराई अहिले व्यवसायमा पनि उहाँको साथ पाउनुभएको छ । दरवतीको जेठो छोरा पशुपति मल्लिक एसएलसी उतीर्ण गरी जागिरे भएका छन् भने बाँकी तीन छोराछोरी बोर्डिङमा पढ्दै छन् । बङ्गुरपालन व्यवसायबाटै पाएको आम्दानीले गाउँ नजिकैको लाहान-ठाडी सडक खण्डको कटाहा बजारमा आधा कट्ठा जग्गासमेत किनेर उहाँ घर बनाउने तरखरमा हुनुहुन्छ । गरिबी निवारण कोषबाट लिएको पहिलो ऋण चुक्ता गरी दरवतीले अहिले दोस्रो चरणको ऋणअर्न्तगत १९ हजार लिनुभएको छ । दरवतीकै सिको गरेर सरस्वती ज्योति सामुदायिक संस्थाका २३ जना दलित महिला सदस्यहरूमध्ये १७ जना महिला सदस्यहरूले बङ्गुरपालन व्यवसाय अङ्गालेका छन् ।

ग्रामज्योति विकास केन्द्रका अध्यक्ष तेजनारायण चौधरीले कोषको लगानी ग्रामीण क्षेत्रमा बढी परिणाममुखी भएको जानकारी दिदैं ग्रामीण सडक र ग्रामीण बजारको विस्तार भएमा विपन्न वर्गका जीवनस्तर अझ माथि उठ्न सक्ने बताउनुभयो ।

*स्रोतः गोरखापत्र दैनिक*

पीओ/सीओ कुनो

# गरिबीविरुद्ध लड्ने उत्साह

*गरिबी निवारण कोषले स्थानीय समुदायको आर्थिक तथा सामाजिक रूपान्तरणमा जुन सफलता हासिल गरेको छ, त्यसको सम्पूर्ण श्रेय यसका कर्मठ र लगनशील सामाजिक परिचालकहरूलाई जान्छ । बिहानदेखि बेलुकीसम्म गाउँगाउँमा खटिएर स्थानीय बासिन्दालाई संगठित गराउँदै कोषका कार्यक्रम तथा अवधारणालाई स्थानीय स्तरमा कार्यान्वयन गराउने अभिभारा उनीहरूकै काँधमा छ । जीविकाको यो स्तम्भमा हामीले तिनै सामाजिक परिचालकहरूको अनुभव समेट्दै जाने उद्देश्य लिएका छौं ।*

सिद्धार्थ सामाजिक विकास केन्द्र कपिलवस्तुका संयोजक ध्रुव बेलवासे गरिबी निवारण कोषको गतिविधिमा सहयोग पुऱ्याउने एक कर्मठ अभियन्ता हुन । हाल जिल्लाका ७७ वटै गाविसमा आफ्नो कार्यक्रम पुऱ्याएको केन्द्र २०५२ सालमा गठन भएको थियो । केन्द्र २०६० सालमा कोषको साझेदार संस्थाको रूपमा छनौट भएको हो । सुरुमा ३ गाविसलाई हेर्ने गरी छनौट भएको केन्द्रले अहिले कोषबाट थप एक गाविसको जिम्मेवारी पाएको छ ।

'केन्द्रमा मेरो प्रवेश २०५८ सालमा भएको हो,' बेलवासेले भने-'केन्द्रले आह्वान गरेको विज्ञापनमा दरखास्त दिएर म छनौट भएको थिएँ ।' त्यसअघि उनले विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्था तथा राष्ट्र संघीय कार्यक्रममा काम गरिसकेका थिए । विगतको काम र अनुभवको मूल्यांकन गरेरै केन्द्रले आफूलाई जिम्मेवारी सुम्पिएको दाबी उनले गरे । पारिवारिक पृष्ठभूमिले नै आफूलाई सामाजिक सेवामा आउन प्रेरित गरेको जानकारी बेलावासेले दिए ।' मेरो हजुरबुवा र बुवा दुवै जना सामाजिक कार्यमा सक्रिय हुनुहुन्थ्यो, उहाँहरूबाटै मैले यस क्षेत्रमा आउने प्रेरणा पाएको हूँ,' उनले भने । सुरुमा आफ्नै गाविसमा स्थापना भएको एक गैर सरकारी संस्थाबाट सामाजिक कार्यमा हात हालेको जानकारी उनले दिए ।

अर्घाखाँचीबाट स्कुले शिक्षा पुरा गरेका बेलवासेले उच्च अध्ययन बुटवलबाट पुरा गरेका हुन् । 'बुटवलमा मैले अर्थशास्त्रमा स्नातक गरे,' उनले भने-' अर्थशास्त्र मेरो कार्यक्षेत्रका लागि सुहाउँदो विषय थियो, यसबाट मलाई सामाजिक सेवाको क्षेत्रमा अझ सक्रिय भएर काम गर्न सहयोग मिल्यो ।'

सिद्धार्थले हाल अरू साझेदार संस्थासँग मिलेर शिक्षा, खाद्यसुरक्षा, सामुदायिक वनका क्षेत्रमा काम गरिरहेको छ । जिविससँग मिलेर द्वन्द्व प्रभावित बालबालिका पुनः एकीकरण तथा फिर्ती, खुला दिसामुक्त कार्यक्रम, स्थानीय समुदायको सुशासन, सुर्तिजन्य पदार्थ नियन्त्रण लगायतका गतिविधि पनि सञ्चालन गरिरहेका छन् ।

कोषसँगको कामबाट भने आफूलाई छुट्टै सन्तुष्टी प्राप्त भएको उनले जानकारी दिए । केन्द्रले ८० सामुदायिक संस्था, ३ सामुदायिक संस्था महासंघमार्फत् १ हजार ८ सय ३५ सदस्यलाई सहयोग गरिरहेको छ । कोषको सहयोगमा सञ्चालित आयआर्जन तथा पूर्वाधार विकास कार्यक्रमबाट समुदायका सदस्यलाई अधिकतम लाभ सुनिश्चित गर्ने वातावरण बनाउने सहजकर्ताको काम केन्द्रले गरिरहेको छ, बेलवासेको नेतृत्वमा ।

'सिमान्त किसान, बहिस्कृत समुदाय, महिला तथा दलित जनजातिको माझमा गएर तीनको जीवनस्तरमा अर्थपूर्ण परिवर्तन ल्याउने हाम्रो प्रयासले नतिजा दिन थालेकाले हामी उत्साही छौं,' उनले भने । घुम्टोले मुख छोपेर हिँड्ने समुदायका महिलाहरु सदरमुकाम आएर निर्धक्क कुरा राख्ने, जिविससँग बजेट माग गर्न सक्ने हुनुलाई उनले सकारात्मक परिवर्तनका रूपमा लिएका छन् । यसलाई गरिबी न्यूनीकरणका क्षेत्रमा प्राप्त सफलताका लक्षणहरु मान्नुपर्ने उनले बताए ।

'हिजोसम्म हातमुख जोर्न समस्या हुनेहरु अहिले आफ्नै मोटरसाइकलमा राखेर उत्पादन बेच्न लैजाने भएका छन्,' उनले भने- 'यो उपलब्धिलाई कम आँक्न हुँदैन ।' कोषको कार्यक्रम पुगेका ६० देखि ६५ प्रतिशत लक्षित समुदायका सदस्यको जीविकोपार्जनमा उल्लेख्य सुधार आएको स्पष्टै देख्न सकिने उनले जानकारी दिए ।

व्यवसायिक तरकारी खेती, फर्निचर बनाउने, कुखुरा, माछा तथा बंगुर पाल्ने जस्ता सामान्य व्यवसाय गरेर पनि समुदायका सदस्यले आफ्नो तथा परिवारमा असामान्य परिवर्तन ल्याएको देख्दा र तिनलाई सहयोग गर्न पाउँदा प्राप्त हुने सन्तुष्टी स्वाभाविक हो भन्ने बेलवासेको ठम्याइ छ ।

# कोष सहायताको ग्रामीण सडक: गरिबी न्यूनीकरणमा योगदान

क्षेत्र विशेष

-शंकरप्रसाद यादव, कोष

सफा पानी, पोषण, स्वास्थ्य, शिक्षा, लत्ताकपडा तथा आवासजस्ता आधारभूत मानवीय आवश्यकता पुरा गर्न नसक्ने अवस्था गरिबी हो । उल्लिखित आवश्यकता पूर्ति गर्ने क्षमताको अभावबाट गरिबीको सुरुवात हुन्छ । त्यसैले अन्तर्राष्ट्रिय रूपमा स्वीकारिएको परिभाषाअनुसार दैनिक एक अमेरिकी डलर भन्दा कम आम्दानी हुने व्यक्ति गरीब हुन् । नेपालमा आफ्नै आम्दानीबाट बाह्रै महिना प्रतिदिन २,१४४ क्यालोरी खाद्यान्न उपभोग गर्न नसक्नेहरूलाई गरिबीको रेखामुनि जीवनयापन गरिहेको मानिएको छ । राष्ट्रिय योजना आयोगका अनुसार नेपालमा हाल गरिबीको अनुपात २५.४ प्रतिशत रहेको छ ।

न्यून आर्थिक वृद्धि तथा कृषि उत्पादकत्व, कमजोर सामाजिक तथा आर्थिक पूर्वाधार एवं गैर कृषि रोजगार अवसरको अभावले गरिबीमा योगदान गरिरहेको अवस्थामा गरिबी निवारण कोषले बहुविधिक अवधारणाबाट नेपालमा गरिबी न्यूनीकरणका गतिवधि सञ्चालन गरिरहेको छ । पूर्वाधारले आयआर्जनका गतिविधिको प्रभावलाई बृद्धि/सिमित गर्न महत्पूर्ण भूमिका खेल्ने भएकाले कोषले यसको विकासलाई पनि प्राथमिकता दिदै आएको छ ।

कोषले विभिन्न खालका पूर्वाधारमा लगानी गर्दै आएको छ, जसलाई समग्रमा ६ भागमा विभाजन गर्न सकिन्छः १) ग्रामीण ऊर्जा (लघु जलविद्युत, बिजुली घट्ट, सौर्य ऊर्जा तथा विद्युत प्रसारण लाइन विस्तार), २) ग्रामीण पहुँच (धुले सडक, ग्राभेल सडक, कल्भर्ट, काठे पुल झोलुगें पुल तथा टुइन), ३) खानेपानी आपूर्ती तथा सरसफाइ (भूमिगत जल वितरण, ट्युब वेल, इनार, शौचालय), ४) भवन (विद्यालय, सामुदायिक भवन, बजार छाप्रो, कृषि संकलन केन्द्र, स्वास्थ्य चौकी, दुग्ध संकलन केन्द्र), ५) सिचाइँ (सतह सिचाइँ, लिफ्ट सिचाइँ, थोपा सिचाइँ) र ६) विविध (जैविक डिजेल उत्पादन, नदी नियन्त्रण आदि) ।

ग्रामीण पहुँचअन्तर्गत कोषले ८३ सडक, ७ कच्ची सडक, ७७ कल्भर्ट र २९ पुलसहित १९६ सह-आयोजनामा रू. १२४८४७६२९।१० लगानी गरेको छ । यी उप-परियोजनाअन्तर्गत जम्मा ५२ किलोमिटर धुले सडक, १०१ किलोमिटर ग्राभेल सडक र १३ किलोमिटर कच्ची सडक बनेका छन् । यसबाट समुदायका १२,४९८ घरपरिवारका ८२,७४३ सदस्य प्रत्यक्ष लाभान्वित भएका छन् । सडक निर्माणमा कोषले हालसम्म जम्मा रू.८५४३९६३२.५० (६७.७ प्रतिशत) योगदान गरेको छ । समुदायले श्रम र जिन्सी गरी जम्मा रू.३८३२७४७९.४० (३० प्रतिशत) बराबरको योगदान गरेको छ भने जिविस/गाविस तथा अन्य विकास निकायले अनुमानित लागतको २.३ प्रतिशत योगदान गरेका छन् ।

कल्भर्ट निर्माण ग्रामीण सडक उप-परियोजनाको अर्को महत्वपूर्ण पक्ष हो । यसअन्तर्गत कोषले पाइपमा आधारित २१ र स्ल्याबमा आधारित ५६ कल्भर्ट निर्माणमा सहयोग गरेको छ । यस्ता कल्भर्टको कुल लम्बाई १३७ मिटर रहेको छ । यसबाट ६,६७६ घरपरिवारका ४७,०४८ सदस्य लाभान्वित भएका छन् । उल्लेखित ७७ कल्भर्ट निर्माणमा कोषले रू.१५२७१२९५।५७ (८० प्रतिशत) र समुदायले रू. ३४४४५७१।३२ (२० प्रतिशत) लगानी गरेको छ । कल्भर्ट तराइका जिल्लामा मात्र बनाइएको छ ।

यसैगरी, कोषले आरसीसी, काठे तथा झोलुगेंसहित विभिन्न किसिमका पुल निर्माणमा पनि सहयोग गरेको छ । हालसम्म कोषको सहयोगमा निर्माण भएका २९ पुलबाट ५,१८६ घरपरिवारका ३३,६९८ सदस्य लाभान्वित भएका छन् । यसका लागि कोषले रू. २४१३६७०१ (६५ प्रतिशत) र समुदायले झन्डै १२ प्रतिशत लगानी गरेको छ । अन्य दाताहरूले अनुमानित लागतको १० प्रतिशत र जिविस र गाविसले १३.२ प्रतिशत लगानी गरेका छन् ।

ग्रामीण पहुँचका लागि कोषले हालसम्म रू.१२४८४७६२९(६८.६ प्रतिशत) योगदान गरेको छ । यसमा समुदायले रू.४६०३३४०७ (२५ प्रतिशत) र जिविसरगाविससहित अन्य निकायले रू,१११०७३३९ (६.१ प्रतिशत) ले योगदान गरेका छन् । कोषले सहयोग गरेका पूर्वाधार उप-परियोजनामध्ये सबभन्दा बढी सडक (६८.४ प्रतिशत) र सबभन्दा कम कल्भर्ट निर्माणमा (१२.२३ प्रतिशत) गएको छ ।

## सामुदायिक पूर्वाधारहरूको विवरण, असार २०६७

| गतिविधि | किसिम | संख्या | लाभान्वित परिवार | जम्मा लाभान्वित संख्या | कोषको योगदान | समुदायको योगदान | अन्यको योगदान | जिविस/गाविस योगदान | एकाइ | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| सडक | धुले | १७ | ३०६५ | १५७५६ | ३०४२७४२४.१८ | १२६६५१५५.५ | २८९००० | १४००२८७ | किमी | ५२.२४३ |
| सडक | ग्राभेल | ६६ | ९१२९ | ६४८८२ | ५२२७६६५६.८३ | २४९१४४१५.८ | ६७४५२३ | ० | किमी | १००.९७७ |
| सडक | कच्ची | ७ | ३०४ | २१०५ | २७३५५५१.४९ | ७४७९०८ | ० | ० | किमी | १३.१७ |
| | | ९० | १२४९८ | ८२७४३ | ८५४३९६३२.५ | ३८३२७४७९.४ | ९६३५२३ | १४००२८७ | किमी | १६६.३९ |
| कल्भर्ट | पाइप | २१ | ९५८ | ७२७३ | ९१७७००.०२ | २०५४१९ | ० | ० | | |
| कल्भर्ट | स्ल्याब | ५६ | ५७१८ | ३९७७५ | १४३५३५९५.५५ | ३२३९१५२.३२ | ० | ० | चौडाइ, मि. | १३७.६६ |
| | | ७७ | ६६७६ | ४७०४८ | १५२७१२९५.५७ | ३४४४५७१.३२ | ० | ० | चौडाइ, मि. | १३७.६६ |
| पुल | आरसीसी | ७ | २०२९ | १२९३९ | ६५७५७०३ | ११६१११८ | १००००० | ० | चौडाइ, मि. | ९४.२ |
| पुल | झोलुगें | ३ | २३८ | १४७९ | २१३८२९४ | ५१४८९२ | ० | १५०००० | चौडाइ, मि. | २४४ |
| पुल | काठे | ८ | ३८२ | २४९६ | ७०४७६८ | २५०२३१.८ | ३३५२९ | ० | चौडाइ, मि. | १०२.८ |
| पुल | अन्य | ११ | २५३७ | १६७८४ | १४७१७९३६ | २३३५११५ | ३७१०००० | ४७५०००० | चौडाइ, मि. | ८९५ |
| | | २९ | ५१८६ | ३३६९८ | २४१३६७०१ | ४२६१३५६.८ | ३८४३५२९ | ४९००००० | चौडाइ, मि. | १३३६ |
| | | १९६ | २४३६० | १६३४८९ | १२४८४७६२९.१ | ४६०३३४०७.५ | ४८०७०५२ | ६३००२८७ | ० | १९४४.१ |

संक्षिप्त

# गतिविधि

## विश्व बैंक उपाध्यक्षको नेपाल भ्रमण

विश्व बैंकका दक्षिण एसिया उपाध्यक्ष इसाबेल गुरेरोले २३ फेब्रुअरी २०१० मा एक साता लामो नेपाल भ्रमण सम्पन्न गरेकी छन् । नेपाल बसाइका क्रममा उनले प्रधानमन्त्री माधवकुमार नेपाल, अर्थ मन्त्री सुरेन्द्र पाण्डे तथा ऊर्जामन्त्री प्रकाशशरण महतसहित सरकारका उच्च अधिकारी एवं राजनीतिक दलका नेताहरूसँग भेटवार्ता गरिन् ।

यसैक्रममा उनले विश्व बैंकको दक्षिण एसिया क्षेत्रीय व्यवस्थापन समूहको बैठकमा भाग लिइन् । गुरेरो र उनको भ्रमण टोलीमा समावेश सदस्यले पश्चिम नेपालमा सञ्चालित विभिन्न विकास आयोजनाहरूको अवलोकन गरे । उनले समुदायका साझेदार, विश्व बैंक सहयोगको गरिबी निवारण कोषद्वारा सञ्चालित आयोजनाबाट लाभान्वितहरूसँग भेटघाट तथा सामाजिक सुरक्षा सञ्जाल आयोजना डोल्पा एवं बाग्लुङस्थित समुदायबाट व्यवस्थापन गरिएको एक विद्यालय र लघु जलविद्युत आयोजनाको अवलोकन गरिन् ।

विश्व बैंकका अनुसार कोषका कार्यक्रम सञ्चालित केही जिल्लामा घरपरिवारको आम्दानी १८ प्रतिशतसम्म बढेको छ । बैंकको अध्ययनले बालशिक्षाका लागि घरपरिवारको खर्च ५४ प्रतिशतसम्मले बढेको देखाएको छ । झण्डै १६ हजार परिवारले पहिलो पटक सडक सुविधा पाएका छन भने ३२ हजार परिवारमा खानेपानी, पुल, सरसफाइ पुगेको छ ।

कोषले हाल देशका ७५ मध्ये ५९ जिल्लाका १२ हजार सामुदायिक संस्थासँग काम गरिरहेको छ । हाल चलिरहेको दोस्रो चरणको आयोजनाअन्तर्गत कोषले ७५ वटै जिल्लामा आफ्ना गतिविधि सञ्चालन गर्नेछ र यसबाट २०११ सम्ममा १० लाख परिवार लाभान्वित हुनेछन् ।

## सेडाले दोस्रो अनुगमन सर्वेक्षण गर्ने

गरिबी निवारण कोषले त्रिभुवन विश्वविद्यालयअन्तर्गतको सेडालाई दोस्रो अनुगमन सर्वेक्षणका लागि छनौट गरेको छ । सर्वेक्षणमा मुगु, दार्चुला, रौतहट, रोल्पा, दैलेख, जुम्ला, हुम्ला, डोटी र बाजुरा गरी ९ जिल्ला समेटिने छन् । कोषले आयआर्जन तथा सामुदायिक पूर्वाधार विकास कार्यक्रम सञ्चालन गरेका ८ जिल्ला र कोषको कार्यक्रम नभएको बाजुरामा सर्वेक्षणले कोषका कार्यक्रमको सामाजिक-आर्थिक प्रभावको अवस्था पहिल्याउनेछ ।

आठ जिल्लामा पनि कोषको कार्यक्रम पुगेका र नपुगेका गाउँ सर्वेक्षणमा समावेश हुने छन् । विगत चार वर्षमा कोषका कार्यक्रम पुगेका र नपुगेका समुदायको तुलनात्मक स्थिति थाहा पाउनका लागि यस्तो अवधारणामा सर्वेक्षण गर्न लागिएको हो । कार्यक्रमको प्रभावकारिता दर्शाउन बेसलाइन सर्वेक्षणमा परेका र नपरेका तर हाल कोषको कार्यक्रम समावेश भएकासहित यो सर्वेक्षणमा ३४२० घरपरिवार समेटिने छन् ।

सेडालाई छनौट गरेपछि कोषले सर्वेक्षणमा सहभागी हुने सर्वेक्षकहरूका लागि मार्च ८ देखि १७ सम्म तालिम सञ्चालन गरेको थियो । सर्वेक्षण कार्य प्रभावकारी होस भन्ने उद्देश्यले तालिम सञ्चालन गरिएको हो । घरपरिवार र समुदाय गरी सर्वेक्षण दुई भागमा हुनेछ ।

कोषले २००९ मा पहिलो अनुगमन सर्वेक्षण प्युठान, कपिलवस्तु, रामेछाप, सिराहा, ओखलढुंगा र दाङमा गरेको थियो । उक्त सर्वेक्षणले कोषको कार्यक्रमका लक्षित सदस्यको आम्दानी १९ प्रतिशत र उपभोग २३ प्रतिशतले बढेको र कोषका कार्यक्रम नपुगेका पिछडिएका जिल्लामा यस्तो परिवर्तन नगन्य रहेको देखाएको थियो ।

## कोष र एइपीसीबीच सहकार्यका लागि छलफल

वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र/ऊर्जा क्षेत्र सहायता कार्यक्रमद्वारा ४ फेब्रुअरी २०१० मा आयोजित आधा दिनको छलफल कार्यक्रममा कोषका अधिकारीले भाग लिएका छन् । लघुविद्युत तथा अन्य ग्रामीण ऊर्जा योजना कार्यान्वयनका बारेमा अनुभव साटासाट गर्ने कार्यक्रमको उद्देश्य थियो । लघुविद्युत सह आयोजनामा केन्द्र र कोषबीच सहकार्य हुँदै आएकाले उक्त कार्यक्रममा कोषको विशेष चासो थियो । उक्त कार्यक्रममा वैकल्पिक ऊर्जा प्रबर्द्धन केन्द्र/ऊर्जा क्षेत्र सहायता कार्यक्रमका अधिकारीले कार्यपत्र प्रस्तुतिका क्रममा साना जलविद्युत आयोजनामा केन्द्रको अनुदान नीतिको चर्चा गरेका थिए । कोषका अधिकारीले कोष र केन्द्रको सहकार्यका बारेमा प्रकाश पार्दै अनुदान नीतिमा थप जिज्ञासा तथा विभिन्न सवालमा चासो व्यक्त गरेका थिए । कोषका कार्यकारी निर्देशक राजबाबु श्रेष्ठले पनि उक्त अवसरमा आफ्नो विचार व्यक्त गर्नुभएको थियो ।

## विश्व बैंक प्रमण्डलद्वारा कोषको दोस्रो चरणको मूल्यांकन

कार्यदल नेता गायत्री आचार्यको नेतृत्वको विश्व बैंकको १२ सदस्यीय कार्यान्वयन सहायता प्रमण्डलले २०१० मार्च १६ देखि २४ सम्म कोषका कार्यक्रमको प्रगति मूल्यांकन गरेको छ । प्रमण्डलले कोष सञ्चालक समितिका सदस्य तथा कर्मचारी, सरकारका सचिवहरूसँग छलफल गर्नुका साथै कोषका कार्यक्रम सञ्चालित क्षेत्रको स्थलगत भ्रमण, व्यवस्थापन सूचना प्रणाली र वित्तीय व्यवस्थापनको समीक्षा गर्‍यो ।

प्रमण्डलले कोषको दोस्रो चरणको कार्यक्रम सन्तोषजनक रूपमा अगाडि बढीरहेको तथा गरिबी न्यूनीकरण एवं अन्य विकास लक्ष्य खासगरी पूर्वाधार निर्माण, आय आर्जन गतिविधि र सामुदायिक नीति निर्माणमा सर्वसाधारणको सहभागिता वृद्धिका क्षेत्रमा सुधार ल्याएको निष्कर्ष निकालेको छ । आय आर्जन गतिविधि तथा सामुदायिक पूर्वाधार विकासमार्फत् गाउँ तहमै रोजगारीका अवसर सिर्जना भएको प्रमण्डलले जनाएको छ । प्रमण्डलले विभिन्न कार्य सञ्चालनको लागि सुझाव पनि दिएको छ ।

सामाजिक पूर्वाधार समुदाय भएको सुनिश्चित गर्ने किसिमले साझेदार संस्थालाई अभिमुखीकरण गर्न प्रमण्डलले सुझाव दिएको छ । सम्बद्ध मन्त्रालयबाट प्राप्त हुने प्राविधिक सहायता पूर्वाधार निर्माण कार्य स्थापित मापदण्डअनुरूपको गुणस्तरीय भए/नभएको सुनिश्चित गर्न पनि प्रमण्डलले कोषलाई सुझाव दिएको छ । सहकारी गठन गर्ने सन्दर्भमा कोषले अवलम्बन गर्ने सबैभन्दा उपयुक्त तरिका कुन हो भन्ने विषयमा पनि थप छलफल हुनुपर्ने प्रमण्डलले औंल्याएको छ । यससन्दर्भमा कोष

वा साझेदार संस्थाले वित्तीय सहकारी गठन गर्न प्रोत्साहित गर्नुको सट्टा उत्पादनमूलक वा बजारीकरणसँग जोडिएका सहकारी गठनलाई जोड दिनुपर्ने सिफारिस प्रमण्डलले गरेको छ ।

प्रमण्डलले सिर्जनशील कार्यक्रममार्फत गरिबी न्यूनीकरणका थप अवधारणा सिक्न कोषलाई प्रोत्साहित गरेको छ । कोषको सम्बद्ध निकाय, स्थानीय सरकार तथा दातासँगको बढ्दो सम्बन्धको प्रसंशा गर्दै प्रमण्डलले स्थानीय विकास अधिकारीलाई जिल्ला विकास समितिले सधैं जानकारी नदिने हुनाले आफ्ना कार्यक्रम र बजेटका बारेमा स्थानीय विकास अधिकारीलाई सोझै जानकारी दिन सुझाव दिएको छ ।

व्यवस्थापन सूचना प्रणालीमा सुधारको महत्व र यसको उपयोगिताका बारेमा प्रमण्डलले आफ्ना सुझाव राखेको थियो । प्रमण्डलले पछिल्लो अवस्थाको स्थितिलाई स्पष्ट झल्काउने गरी सूचकहरूसम्बन्धी प्राप्त पछिल्लो तथ्यांकलाई अद्यावधिक गर्न आग्रह गर्‍यो । योजनाको प्रगति पहिल्याउन तथ्यांकको अनुगमन, अध्यावधिक गर्ने, रूजु गर्ने तथा नियमित रूपमा विश्लेषणमा जोड दिनुपर्ने प्रमण्डलको सुझाव थियो ।

गरिबी निवारणमा कार्यक्रमको प्रभावकारिता तथा महत्वलाई प्रतिविम्बित गर्ने गरी प्रमण्डलले सञ्चालक समिति तथा कोष व्यवस्थापनको मागअनुरूप बजेटमा सरकारले सह-आयोजनाका लागि काउन्टरपार्ट बजेट बढाउनुपर्ने सुझाव दिएको छ ।

## स्थानीय विकास मन्त्रालय-कोष कार्यदल गठन

स्थानीय विकास मन्त्रालय र गरिबी निवारण कोषबीच २६ अप्रिल २०१० मा कोषको कार्यालयमा दुई संस्थाबीच आगामी दिनमा प्रभावकारी सहकार्य र सम्पर्क विस्तार गर्ने उद्देश्यले समन्वय बैठक भएको छ । कोषका उपाध्यक्ष विद्याधर मल्लिक, मन्त्रालयका सचिवद्वय श्यामप्रसाद मैनाली र कृष्ण ज्ञवाली, कोषका कार्यकारी निर्देशक राजबाबु श्रेष्ठ र तीन कार्य प्रबन्धकले बैठकमा भाग लिएका थिए ।

बैठकमा दुई वर्षअघि मन्त्रालय र कोषबीच हस्ताक्षर भएको सहमतिपत्रअनुरूप प्रगति भए/नभएको समीक्षा भयो । बैठकमा दुवै संस्थाले योजना तर्जुमा, कार्यान्वन तथा कार्यक्रमको अनुगमनमा सहकार्य र समन्वयलाई उच्च प्राथमिकतामा राख्नुपर्ने कुरालाई जोड दिइएको थियो । बैठकले मन्त्रालय र कोषको सहकार्यलाई बलियो बनाउने उपायहरु सुझाउनका लागि मन्त्रालयका सहसचिव सोमलाल सुवेदीको संयोजकत्वमा संयुक्त कार्यदल गठन गर्ने निर्णय पनि गर्‍यो । कोषका कार्यक्रम विभाग प्रमुख रामप्रसाद ढकाल, मन्त्रालयका उपसचिव गणेश पाण्डे र कोषका कार्य प्रबन्धक सन्दीपनाथ उप्रेती कार्यदलको सदस्य नियुक्त भएका छन् ।

कोष र मन्त्रालयबीचको विद्यमान सहमतिपत्रलाई कसरी प्रभावकारी रूपमा कार्यान्वयन गर्ने, भविष्यमा दुई संस्थाबीच थप सहकार्य र समन्वयलाई कसरी अगाडि बढाउने भन्ने उपायहरु सहितको सुझाव-प्रतिवेदन तयार गरी पेस गर्ने जिम्मेवारी कार्यदललाई दिइएको छ ।

## कोषद्वारा गुनासो व्यवस्थापन प्रणाली स्थापना

कोष आफै तथा यसको सहायतामा सञ्चालित कार्यक्रम तथा गतिविधि सम्बद्ध सरोकारवालाहरूको गुनासोलाई तत्काल सम्बोधन गर्न कोषले गुनासो व्यवस्थापन प्रणाली स्थापना गरेको छ । यसअन्तर्गत सरोकारवालाहरूलाई गुनासो दर्ता गराउन सजिलो हुनेगरी कोषको अनुगमन तथा मूल्यांकन विभागले विशेष गुनासो रजिस्टर (दर्ता किताब) बनाएको छ । रजिस्टरमा गुनासो, त्यसको किसिम र मिति उल्लेख गर्ने बेग्लाबेग्लै कोलम छन् । यसमा कोषका कर्मचारीले गुनासोका सम्बन्धमा कहिले देखि कारबाही सुरू गरियो, त्यसका लागि के-के काम भए र अन्तिम नतिजा के आयो भन्ने उल्लेख गर्ने स्थान पनि छुट्याइएको छ ।

यो प्रणालीको स्थापनाबाट कोषका कार्यक्रमसम्बन्धी गुनासाहरु तथा कार्यक्षेत्रमा रहेका समस्याको अभिलेख राख्ने एवं समस्याको निराकरण गर्ने प्रक्रियालाई तीब्रता प्रदान गरी कोषको समग्र गतिविधिलाई सहज बनाउने तथा सम्बद्ध सबैप्रति संवेदनशील बनाउने अपेक्षा गरिएको छ ।


पाक्षिक रेडियो कार्यक्रम

परिवर्तन

रेडियो माण्डभी, प्युठान

९७ मेघाहर्ज

हरेक नेपाली महिनाको
दोस्रो र चौथो शनिबार प्रसारण हुने

प्रसारण समय
साँझ ७:१५ देखि ७:३० सम्म


## संयुक्त प्रमण्डलद्वारा कोषको मध्यकालिन समीक्षा

नेपाल सरकार, विश्व बैंक र आइफाडका प्रतिनिधि समावेश भएकोएक संयुक्त प्रमण्डलले २०१० मे १३ देखि २८ सम्म गरिबी निवारण कोषका कार्यक्रमहरूको मध्यकालिन समीक्षा गरेको छ । कोषको प्रगति, प्रारम्भिक आयोजना तर्जुमा, कार्यक्रम सञ्चालनको सार्न्दभिकता, समस्याको पहिचान तथा समाधानका उपाय लगायतको समीक्षा गर्ने प्रमण्डलको उद्देश्य रहेको थियो । आवश्यकता अनुसार मध्यमकालिन परिवर्तन गर्नुपर्ने अवस्था भए स्पष्ट दिशानिर्देश गर्ने उद्देश्यअनुरूप प्रमण्डलले कोषको प्रभावकारिता बृद्धि गर्न सकिने क्षेत्रहरूमा आफूलाई केन्द्रित गरेको थियो ।

प्रमण्डलले उच्च प्रशासकहरु तथा विकास साझेदारहरूसँग छलफल गरी गरिबी निवारणका लागि कोषको महत्व पुनर्पुष्टी गरेको थियो । कोषले दोस्रो चरणमा निर्धारित उद्देश्य प्राप्तिका क्षेत्रमा सन्तोषजनक प्रगति गरेको प्रमण्डलले उल्लेख गरेको छ । उसले लक्षित, गरीब केन्द्रित अवधारणा सही भएको ठहर गरेको छ । गरिबी विरोधी अर्ध-स्वायत्त कोषको कार्यक्रम सान्दर्भिक मात्र नभएर नेपाल सरकारको स्थानीय शासन तथा सहभागीमूलक योजना तर्जुमा गर्ने प्रयासमा परिपूरक भएको प्रमण्डलले उल्लेख गरेको छ ।

समीक्षा क्रममा सरकारले ५ देखि १० वर्षमा सुदृढ तथा आधिकारिक स्थानीय सरकार गठन हुने र यसको गरिबी केन्द्रित कार्यक्रमहरूबाट गरिबी उल्लेख्य रूपमा घट्ने अपेक्षा गरेको छ । यसअघि बहिस्करणमा परेका समुदायलाई योजना तर्जुमा तथा विकास गतिविधिमा सहभागी बनाउने कोषको प्रयासले सुसूचित तथा सशक्त नागरिक बनाउने र तीनले स्थानीय सरकारको नीति निर्माण प्रक्रियामा सहभागिता जनाउनसक्ने पनि प्रमण्डलले औंल्याएको छ ।

प्रमण्डलले अध्ययनको नतिजाका आधारमा आय आर्जन तथा सामाजिक पूर्वाधार निर्माण प्रयासलाई जारी राख्नुपर्ने जनाएको छ । वित्तीय साधन प्रवाहको संयन्त्रमा परिवर्तनको आवश्यकता नरहेको पनि प्रमण्डलले उल्लेख गरेको छ ।

लक्षित वर्गको जीवनस्तर सुधारमा दीगो तथा स्थायी प्रभाव कायम राख्नका लागि कोषले पारदर्शीता र सुशासनलाई प्रमुखता दिनुपर्ने प्रमण्डलले उल्लेख गरेको छ । प्रमण्डलले प्रयोगमा ल्याइएको प्रणाली, प्रविधि तथा तालिम एवं गुनासो व्यवस्थापन प्रणालीको सुधारमा जोड दिएको छ । प्रमण्डलले थप वित्तीय स्रोतका लागि तयार पारिएको प्रस्तावको समीक्षा गर्दै यसको तयारीका लागि पहल गर्न सिफारिस गरेको छ ।

# संक्षेपमा कोष

असार १५, २०६७ सम्मको तथ्यांकमा



## कोष किन ?

दसौं पञ्चवर्षीय योजनाको गरिबी न्यूनीकरण रणनीति पत्र (पिआरएसपी) मा उल्लेखित चार स्तम्भमध्ये लक्षित कार्यक्रम अनुरूप गरिबी निवारण कोषको गठन भएको हो । 'गरिबी निवारण कोष विधेयक २०६०' र त्यसपछिको 'गरिबी निवारण कोष ऐन २०६३' ले कोषको संरचना र गतिविधिलाई निर्देशित गरेको छ ।

## निर्देशक (सञ्चालक) समिति

प्रधानमन्त्रीको अध्यक्षतामा १२ सदस्यीय सञ्चालक समिति छ । व्यावसायिक व्यक्तित्वमध्येबाट ५ सदस्यसहित उपाध्यक्ष सरकारले चयन गर्छ । अन्य ५ सदस्यमा राष्ट्रिय योजना आयोगबाट पदेन सचिव, जिल्ला विकास समिति संघका अध्यक्ष, गाउँ विकास समिति संघका अध्यक्ष, महिला आयोग अध्यक्ष र नेपाल दलित आयोग अध्यक्ष रहने व्यवस्था छ ।

## लक्ष्य

गरिबीबाट सदाका लागि उन्मुक्ति दिने बाटोमा लाग्न गरीबलाई सहयोग गर्ने कोषको उद्देश्य हो ।

## निर्देशक सिद्धान्त

- ❖ गरीब लक्षित – अन्तोदयः आर्थिक दृष्टिले तल्लो तहका गरीब तथा विपन्न वर्गको समृद्धि । पिछडिएकाहरू कोषको प्राथमिकता हुन् । गरीब पहिचानका लागि सहभागीमूलक जीवनस्तर निर्धारण तथा स्वयं छनौट प्रक्रिया ।
- ❖ सामाजिक समावेशीकरणः गरिबीको रेखामुनिका दलित, जनजाति, महिला र अन्य विपन्न समूह ।
- ❖ मागप्रेरितः जनताको आवश्यकता र मागअनुरूप कार्यक्रमको ढाँचा निर्धारण । सहभागीमुलक सामुदायिक योजना । सामुदायिक संस्थालाई सोझै भुक्तानी । समुदायबाट सञ्चालन र व्यवस्थापन । सामुदायिक संस्थागत विकास
- ❖ सबै तहमा पारदर्शीता

| शीर्षक | | संख्या | रकम (रूपैयाँमा) |
|---|---|---|---|
| सामुदायिक संस्था | कोषमा दर्ता | ९,२९८ | |
| | सामुदायिक संस्था | ४३४ | |
| | महासंघ सम्झौता | ९,०३९ | ५,२२९,८८१,९४८.३६ |
| सामुदायिक संस्थामा कोषको लगानी | आय आर्जन गतिविधिमा | ८,४९७ | ३,९९१,७७१,५४६.१२ |
| | सामुदायिक पूर्वाधारमा | १,४८७ | १,२३८,११०,४०२.२४ |
| सहयोगी संस्था | | ४०९ | |
| कार्यक्रम जिल्ला | जम्मा | ३५ | |
| | नियमित | ४० | |
| | पहिलो चरण (६ जिल्ला) | ६ | |
| | दोस्रो चरण (१९ जिल्ला) | १९ | |
| | तेस्रो चरण (१५ जिल्ला) | १५ | |
| | सिर्जनशील कार्यक्रम | ६ | |
| | एनडिएम- विश्व बैंक सिर्जनशील कार्यक्रम | ० | |
| कार्यक्रम गाविस | सहयोगी संस्था कार्यरत | १,६५७ | |
| | सामुदायिक संस्था गतिविधि | ८८८ | प्रतिशत |
| सामुदायिक संस्था सदस्य | जम्मा | २४०,८१६ | |
| गरिबी | अति गरीब (क) | १५४,१४३ | ६४.०१% |
| | मध्यम गरीब (ख) | ६४,९७८ | २६.९८% |
| | गरीब (ग) | २१,६६९ | ९.००% |
| | सिमान्त गैर गरीब (घ) | २६ | ०.०१% |
| लिंग | महिला | १८७,२४९ | ७७.७६% |
| | पुरूष | ५३,५६७ | २२.२४% |
| जाति | दलित | ५४,३३३ | २२.५६% |
| | जनजाति | ६२,९९१ | २६.१६% |
| | अन्य | १२३,४९२ | ५१.२८% |
| लाभान्वित परिवार | जम्मा | ३५६,६५२ | |
| | दलित | ८३,६८९ | |
| | जनजाति | ८८,९७२ | |
| | अन्य | १८३,९९१ | |